अङ्क 24

DeKalb County School District का परिवारहरूलाई अभिवादन,

हामीले हाम्रो कार्यालय तथा विद्यालयका भवनहरूमा दोस्रो हप्ता पूरा गरेका छौं। यस क्रममा, म शिक्षक तथा कर्मचारी सदस्यहरूलाई उनीहरूको कडा मेहनत र समर्पणका फेरि पनि धन्यवाद दिन चाहन्छु।

अझै पनि केही शिक्षक तथा कर्मचारीहरू विद्यालय फर्किन संकोच मानिरहनु भएको छ। तर पनि, म उत्साहको साथमा विद्यालय फर्किएका शिक्षक तथा कर्मचारीहरू प्रति आभार प्रकट गर्न चाहन्छु। गत हप्ताको विद्यालय भ्रमणका दौडान, म समग्रको सकारात्मकताबाट प्रभावित भएको थियो। उक्त भ्रमणमा समुदायका साझेदारहरू पनि हुनुहुन्थ्यो। उहाँहरू 'विद्यालयमा अरूको साधारण दिन कसरी बित्छ भनेर अनुभव गर्ने कार्यक्रम' मा पनि उपस्थित हुनु भएको थियो।

महामारीको अवधिभरि सूचनाका माध्यमहरूमा अत्याधिक भार थपिएका छ, यद्यपि DeKalb County School District (DCSD) ले लगातार रूपमा विज्ञान तथा Centers for Disease Control and Prevention (CDC) को निर्देशिकामा आधारित दृष्टिकोण प्रयोग गर्दै आएको छ। CDC ले विद्यालयहरू सकेसम्म चाँडो पुन: सुचारू हुनुपर्छ भनेर सुझाव दिएको छ। CDC ले के पनि उल्लेख गरेको छ विद्यालयहरू बन्द गरिरहँदा विद्यार्थीको शैक्षिक प्रगति, मानसिक स्वास्थ्य, र महत्त्वपूर्ण सेवाहरूको पहुँचमा "नकारात्मक प्रभाव पर्न सक्छ"। हाम्रो समुदायलाई सफा र स्वास्थ्य राख्नको निम्ति, हामी हाम्रो समुदायका सबैलाई सावधान रहनु र संक्रमण न्यूनिकरणका रणनीतिहरू पालना गर्नु भनेर सम्झाइरहेका छौं। यसले भवनहरूमा हुने सङ्क्रमणको जोखिमलाई कम गर्छ।

फेरि पनि, यो निर्णय लिन देशभरिका सुपरिन्टेन्डेन्टहरूलाई अप्ठ्यारो परेको थियो। मलाई लाग्छ हामीले कर्मचारीहरूका लागि सुरक्षित वातावरण बनाएका छौं र हामी विद्यार्थीहरूलाई विद्यालय फर्काउनका निम्ति हाम्रो प्रणालीलाई सही ठाउँमा ल्याउने सम्बन्धमा सही बाटोमा छौं।

डिस्ट्रिक्टव्यापी सम्बोधन

म फेब्रुअरी 23, 2021 का दिन डिस्ट्रिक्टलाई सम्बोधन गर्नेछु। Stone Mountain को 4550 Greer Circle को पार्किङ लटमा कार्यक्रम आयोजना गरिनेछ। सहभागीहरूलाई "आफ्नै सवारी साधनमा बस्न दिइनेछ"। पार्किङ लट 4:15 बजे खुल्नेछ र कार्यक्रम 5:30 बजे सुरु हुनेछ। हामी DCSD को अनुभवलाई कसरी उच्च स्तरको उत्कृष्टतामा पुर्याउँदैछौं भनेर जानकारी गराउन म उत्साहित छु।

अरूको साधारण दिन कसरी बित्छ भनेर बुझ्ने भ्रमण/ टाउन हल

गत बुधबारको दिन "अरूको साधारण दिन कसरी बित्छ भनेर बुझ्ने" भ्रमणमा सहभागी भएका समुदायका साझेदारहरूलाई धन्यवाद दिन चाहन्छु। हामीले विद्यार्थीहरूलाई प्रत्यक्ष शिक्षणमा फर्काउने तयारी गर्दै गर्दा उक्त भ्रमणले समुदायका हाम्रा साझेदारहरूलाई हाम्रा विद्यालयहरूको हलमा हिँड्न अनुमति दिएको थियो। हामी उहाँहरूको प्रश्न, प्रतिक्रिया र

सरोकारको कदर गर्छौं। हाम्रा साझेदारीहरूलाई आफ्ना विद्यालयहरू अवलोकन गर्न अनुमति दिएकोमा हामी हामी हाम्रा स्कूल लिडरहरूलाई धन्यवाद दिन चाहन्छौं। भ्रमणका झलकहरू हेर्न कृपया यहाँ क्लिक गर्नुहोस्।

म हाम्रो भर्चुअल टाउन हलको अन्तिम बैठक हेरेका र बैठकमा सहभागिता जनाएका हाम्रा सबै परिवार तथा शिक्षकहरूलाई पनि धन्यवाद दिन चाहन्छु। हामीले विद्यालय पुन: सुचारू गर्ने डिस्ट्रिक्टको योजनाको बारेमा जानकारी प्रदान गर्दै गर्दा तपाईंले दिनु भएको प्रतिक्रिया र तपाईंले देखाउनु भएको सावधानीको प्रशंसा गर्छौं। तपाईंले टाउन हलको बैठक छुटाउनु भयो भने भिडियो हेर्न यहाँ जानुहोस्:
https://www.facebook.com/100666431593471/videos/175882993982130

हाम्रो विद्यालय समुदायको सुरक्षित फिर्ती सुनिश्चित गर्न मजबुत सहकार्य आवश्यक पर्छ।

समितिको बैठक

फेब्रुअरी 8 को शिक्षा समितिको बैठक हेर्नु हुनै सबै जनालाई धन्यवाद छ। बैठकका दौडान धेरै जानकारी प्रदान गरियो र म सर्वसाधारणलाई तथ्यहरूको बारेमा ज्ञान छ भनेर निश्चिन्त हुन चाहन्छु। बैठकका महत्त्वपूर्ण तथ्यहरू तल दिइएका छन्।

ADA को अनुरोध

- फेब्रुअरी 2 मा म्याद समाप्त हुने विचाराधिन ADA का लागि घरबाट काम गर्न दिने अनुमित
- डिस्ट्रिक्ट कार्यलय/कक्षाकोठा/कार्यस्थलमा फर्किएको समयमा, कर्मचारीहरूलाई विचाराधिन रहेको ADA को अनुरोधको सम्बन्धमा आफ्नो निकटतम सुपरभाइजरलाई एउटा सूचना पठाउनु भनिएको थियो।
- कर्मचारीले गर्नु पर्ने महत्त्वपूर्ण कामहरूको समीक्षामा आधारमा बन्दोबस्त मिलाउने सुविधाहरू प्रदान गरिन्छ। कर्मचारीले आफ्नो काममा मानिसहरूसँग प्रत्यक्ष अन्तरक्रिया नगरी हुँदैन भने घरबाट काम गर्ने विकल्प अस्वीकृत गरिन सक्छ।
- स्थायी बन्दोबस्ती सिफारिस गर्न सकिन्छ, जस्तो कि सम्भव भएको अवस्थामा एउटै भवनको अर्को ठाउँमा काम गर्ने व्यवस्था मिलाउन सकिन्छ। स्कूल लिडरहरूले योग्यता निर्धारण हुँदै गर्दा उपयुक्त लचकता प्रदान गर्न कर्मचारीहरूसँग मिलेर काम गर्नेछन्।

विद्यालयका भवनहरू बन्द गरिएको सम्बन्धमा

- Smoke Rise ES - शुक्रबार, फेब्रुअरी 5, 2021 का दिन सरसफाई तथा सेनिटाइज गर्नका निम्ति बन्द गरियो। DeKalb Board of Health ले पाँच (5) दिन सम्म विद्यालय बन्द गर्ने सुझाव दिएको छ।
- Panola Way ES - शुक्रबार, फेब्रुअरी 5, 2021 का दिन एउटा कक्षाकोठा बन्द गरियो। उक्त कोठा सफा र सेनिटाइज गरिएको छ। Panola Way भने खुला रहन्छ।
- John Lewis ES को खाद्यान्न वितरण क्षेत्र गहन सरसफाइका लागि फेब्रुअरी 4, 2021, बिहीबारका दिन बन्द गरियो। खाना तयार गर्ने कार्य अस्थायी रूपमा अर्कै ठाउँमा सारिएको थियो। खाना तयारीसम्बन्धी सबै कार्यहरू फेब्रुअरी 9, 2021, मङ्गलबारका दिन देखि सुचारू भएको छ।

- सर्वसाधारणको सुरक्षा - फेब्रुअरी 5, 2021, शुक्रबारका दिन सरसफाइका लागि कार्यप्रणाली बन्द गरियो। सर्वसाधारणको सुरक्षा - फेब्रुअरी 8, 2021, सोमबारका दिन कार्यप्रणाली खुला गरियो। फिन्गरप्रिन्ट युनिट फेब्रुअरी 10, 2021, बुधबारका दिन पुन: खुला गरियो।
- Sam Moss Services Center फेब्रुअरी 8, 2021, सोमबारका दिन सरसफाइका लागि बन्द गरियो।
- Redan HS - का विभिन्न कोठाहरू फेब्रुअरी 5, 2021, शुक्रबारका दिन बन्द गरियो। कोठाहरूको सरसफाइको काम सकिएको छ। Redan HS भने खुला रहन्छ।
- कुनै कर्मचारीमा कोभिड-19 को संक्रमण पुष्टि भयो भने सम्पर्क विन्दु (Point of contact वा POC) ले रिपोर्टिङ कागजात भरेर क्षेत्रीय सुपरिन्टेन्डेन्ट, विभागीय प्रमुख वा डिभिजन प्रमुख/सहायक प्रमुखलाई पठाउँछ। रिपोर्ट गरिने जानकारीको शुद्धता सुनिश्चित गर्न कोभिड-19 सम्बन्धी POC ले सम्भव भएसम्म कर्मचारी सदस्यसँग छलफल गर्नु पर्दछ।
- क्षेत्रीय सुपरिन्टेन्डेन्ट, विभागीय प्रमुख वा डिभिजन प्रमुख/सहायक प्रमुखले उक्त रिपोर्टिङ कागजात तोकिएको नर्स र कोभिड-19 को स्वास्थ्य टोलीलाई पठाउँछन्।
- कोभिड-19 को स्वास्थ्य टोलीले यसपछि के गर्ने भन्ने निर्णय लिनका लागि रिपोर्ट अध्ययन गर्छ, DeKalb Board of Health लाई सम्पर्क गर्छ, र क्षेत्रीय सुपरिन्टेन्डेन्ट, विभागीय प्रमुख वा डिभिजन प्रमुख/सहायक प्रमुखसँग परामर्श गर्छ।
- कोभिड-19 को स्वास्थ्य टोलीले आइसोलेसन वा क्वारेन्टाइनका निर्देशनहरूका सम्बन्धमा DeKalb Board of Health को निश्चित निर्देशिका प्रदान गर्छ।  नजिकका सम्पर्कहरूलाई सूचित गरिन्छ र उनीहरूलाई घरमै बस्ने, क्वारेन्टाइनका निर्देशनहरू पालना गर्ने, परीक्षणका लागि चिकित्सकसँग परामर्श गर्ने सल्लाह प्रदान गरिन्छ। काममा फर्किने निर्देशिका अनुसार घरको आइलोसन अन्त्य गर्ने मापदण्ड पूरा गरिसकेपछि कर्मचारीहरू काममा फर्किन सक्छन्।
- कुनै कर्मचारीमा कोभिड-19 को संक्रमित पुष्टि भयो भने, संक्रमण फैलिएको हुन सक्ने ठाउँ (हरू) लाई 24 घण्टासम्म बन्द गरिन्छ ताकी उक्त क्षेत्रको सरसफाइ र निसंक्रमण गर्न सकियोस्। कोभिड-19 का कारण उक्त क्षेत्र लामो समयसम्म बन्द गर्नु पर्यो भने सरसफाइ तथा निसंक्रमणका अतिरिक्त उपायहरू प्रयोग गरिनेछ।

भवनसम्बन्धी तयारी

- ध्यान आवश्यक परेका क्षेत्रहरूका समस्याहरू सम्बोधन गर्न भवनका नेतृत्वकर्ताहरूलाई सहयोग गर्न सञ्चालन टोलीले निरन्तर रूपमा भवनहरूको निरीक्षण गरिरहेको छ।
- हामीले सबै विद्यालय तथा सेन्टरहरूलाई PPE र सरसफाइका सामाग्रीहरू दिइ सकेका छौं। हामीले सबै भवनहरूलाई चार हप्तासम्म पुग्ने सरसफाइका सामाग्रीहरूको दिएका छौं र हामी आवश्यकता अनुसार निरन्तर रूपमा भवनहरूमा यी सामाग्रीहरूको आपूर्ति बढाउँने छौं। शिक्षक तथा विद्यार्थीहरूको सुरक्षित फिर्ती सुनिश्चित गर्न आवश्यक पर्ने महत्त्वपूर्ण कामहरू सम्बोधन र पूरा गरिरहेको छ।
- हामीले विगत 6-8 महिनामा पूरा गरेका कामहरूको प्रगति सकारात्मक छ। हाम्रो टोलीले निरन्तर रूपमा पूर्व सक्रिय रूपमा काम गर्नेछ र हाम्रा विद्यार्थी तथा कर्मचारीहरूको सुरक्षासँग जोडिएको कामलाई प्राथमिकता राखिन्छ भनेर सुनिश्चित गर्नेछ। कर्मचारीहरूको प्रतिक्रियाका आधारमा, सबै विद्यालयहरूलाई फेस शिल्ड प्रदान गरिनेछ।

कृपया यहाँ गएर भवनसम्बन्धी तयारीका भिडियोहरू हेर्नुहोस्:

अङ्ग्रेजी

https://www.youtube.com/watch?v=F3BHa5fVa0Y

https://www.youtube.com/watch?v=Q1L0n6m4X7c&feature=youtu.be

स्पेनिस:

https://www.youtube.com/watch?v=XQ8CuqIREUw&feature=youtu.be

https://www.youtube.com/watch?v=IuqFuvdf-SU&feature=youtu.be

HVAC

DCSD का सबै भवनहरूमा ताप प्रणालीहरू जोडिएको छ र जिस्ट्रिक्टमा धेरै बेरसम्म बिजुली कटौती हुँदैन ।

- HVAC सम्बन्धी सबै समस्याहरू सुविधाहरू मर्मत गर्ने कर्मचारीहरूको उच्च प्राथमिकतामा पर्छ । डिस्ट्रिक्टमा शिक्षण र सिकाइको अनुकूल वातावरण हुनेछ भनेर सुनिश्चित गर्न DCSD का सुविधाहरू तथा कार्यप्रणालीहरूले लगनशीलताका साथ काम गरिरहेका छन् । DCSD ले अस्थायी उपायको रूपमा डिस्ट्रिक्ट भरका धेरै कक्षाकोठामा चल हिटर जडान गरेको छ । यसले डिस्ट्रिक्टलाई मर्मतको काम पूरा गर्न दिन्छ र उक्त स्थानलाई सञ्चालनमा ल्याइ राख्छ ।
- खोप, हावाको गुणस्तर, अशक्तता भएका हाम्रा विद्यार्थीहरूलाई प्रदान गरिने सहायता लगायतका बैठकका अरू तथ्यहरूको बारेमा पढ्न, कृपया हाम्रो वेबसाइट भ्रमण गर्नुहोस् ।

यो अनिश्चित समयमा हामी अगाडि बढ्न खोजिरहेका छौं । यसक्रममा, धैर्यता देखाउनु भएकोमा म तपाईंलाई फेरि पनि धन्यवाद दिन चाहन्छु । डिस्टरिक्टबाट अन्तिम जानकारी प्राप्त गर्न, कृपया हाम्रो वेबसाइट भ्रमण गर्नुहोस् ।

सुश्री Cheryl Watson-Harris

**अभिभावकहरू, डिस्ट्रिक्टकबाट जानकारी तथा सूचना प्राप्त गर्न, कृपया स्कूल मेसेन्जर (School Messenger) मा भएको आफ्नो सम्पर्क जानकारी सही छ भनेर सुनिश्चित गर्नुहोस् । कृपया इमेल र फोन नम्बर जस्ता तपाईंको जानकारी अद्यावधिक छ भनेर निश्चिन्त हुन आफ्नो विद्यालयलाई सम्पर्क गर्नुहोस् ।**